मध्यपश्चिम विश्वविद्यालय

ग्याजुएट स्कुल अफ इन्जिनियरिङ्ग

स्नातक तह (बी.ई. कार्यक्रम)

प्रवेश परीक्षा तथा भर्ना सम्बन्धी

निर्देशिका २०८१

कृपया यो पुस्तिका ध्यान दिएर पढ्नुहोला ।

प्रवेश परीक्षाको फाराम मध्यपश्चिम विश्वविद्यालयको Website entrance.mu.edu.np मा online भर्न सकिने छ । साथै जानकारी पुस्तिका website www.mu.edu.np बाट download गर्न सकिने छ ।

स्नातक तह इन्जिनियरिङ्ग कार्यक्रमहरुको प्रवेश परीक्षाको लागि आवेदन र प्रवेश परीक्षा सम्बन्धी कार्यक्रम-२०८१

आवेदन फाराम भर्ने मिति र समय

२०८१ साल भदौ ४ गतेसम्म
बेलुकी ५:०० वजे सम्म

प्रवेश-परीक्षा

मिति	समय	विषय	स्थान
२०८१ साल भदौ ०८ गते शनिवार	दिउसो ११:०० बजे देखि १:०० वजे सम्म	गणित, भौतिक शास्त्र, रसायन शास्त्र र अङ्ग्रेजी	सुर्खेत, काठमाडौं

उत्तर दिँदा निम्न बुँदाहरू ध्यानपूर्वक पढ्न सूचित गरिन्छ :

१. प्रश्नपत्रसँग छुट्टै Answer Sheet उपलब्ध गराइने छ।
२. उपलब्ध गराइएको Answer Sheet मा प्रत्येक प्रश्नमा ४ वटा वृत्ताकार ⬭ चिन्ह दिइएको हुन्छ।
३. प्रत्येक प्रश्नको ठीक उत्तर सम्बन्धित प्रश्न नम्बर अन्तरर्गतका वृत्ताकार⬭ चिन्हमा उपलब्ध गराइएको कलमबाट मसिले पूरा भर्नुपर्नेछ।
४. कलमले वृत्ताकार चिन्हमा मसी भरिसकेपछि सच्याउन नमिल्ने भएकाले मसी भर्नु अघि राम्ररी सोच विचार गरी सही उत्तर निश्चित भएपछि मात्र मसी भर्नुपर्नेछ।

अन्य जानकारीको लागि :
म.प.वि.
ग्याजुएट स्कुल अफ
इन्जिनियरिङ्ग
वीरेन्द्रनगर सुर्खेत
सम्पर्क नं ०८३-५२०१७६

विषयसूची

क्र.सं.	विषय	पृष्ठ सं.
१.	मध्यपश्चिम विश्वविद्यालयको संक्षिप्त परिचय	४
२.	ग्याजुएट स्कुल अफ इन्जिनियरिङ्गको संक्षित परिचय	४
३.	स्नातक (बी.ई.) तर्फको प्रवेश प्रक्रिया	५
४.	छनोटको आधार, छात्रवृति सम्बन्धी व्यवस्था र सूची - प्रकाशन	६
५.	विभिन्न कोटा र सुरक्षित स्थान	९
६.	भर्ना हुँदा पेश गर्नुपर्ने कागजपत्रहरू	१०
७.	भर्ना-रद्द र धरौटी फिर्ता	११
८.	स्नातक (बी. ई.) तहको शुल्क विवरण	१२
९.	म.प.वि. दर्ता, विभागपरिचय पत्र र पुस्तकालय सदस्यता पत्र	१३
१०.	परीक्षा प्रणाली	१३
११.	खण्डगत भर्ना रोक्का	१३
१२.	छात्रवृत्ति र पदक	१३
१३.	विद्यार्थीहरूको आचार -संहिता	१४
१४.	आचार संहिता सम्बन्धी कारबाही र सजाय	१५
१५.	अन्य जानकारी	१६
१६.	ग्याजुएट स्कुल अफ इन्जिनियरिङ्गको प्रवेश परीक्षाअंक वितरण सार	१७
१७.	प्रवेश परीक्षा पाठ्यक्रम	१८
१८.	नमुना प्रश्नहरू	२३
१९.	परिक्षार्थीले पालना गर्नुपर्ने नियमहरू	२५

१. मध्यपश्चिम विश्वविद्यालयको संक्षिप्त परिचय

नेपाल सरकारले लिएको बहुविश्वविद्यालय प्रणालीको अवधारणा अनुसार साविकको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम तथा हालको कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा २०६७ साल असार ३ गते विधिवत रुपमा यस मध्यपश्चिम विश्वविद्यालयको स्थापना भएको हो। केन्द्रीकृत शिक्षा प्रणालीले नेपाल जस्तो भौगोलिक विकटता भएको देशमा सबै पक्ष र भागलाई समावेश गर्न नसक्दा शिक्षाको पहुँचबाट वञ्चित कर्णाली प्रदेशबासी जनताहरूलाई पनि विकेन्द्रीकृत शिक्षा प्रणालीको माध्यमबाट विकासको मूलधारमा ल्याउने प्रमुख लक्ष्यका साथ यस क्षेत्रलाई पनि हरेक दृष्टिले अन्तर्राष्ट्रिय जगतमा परिचित गराई पहुँचमा वृद्धि गर्ने उद्देश्यका साथ स्थापित यस विश्वविद्यालय नेपाल सरकारको पूर्ण लगानी रहेको छ। यस विश्वविद्यालयमा ऐनतः समायोजनमा परेका वीरेन्द्रनगर बहुमुखी क्याम्पस, पब्लिक साईन्स क्याम्पसलाई समायोजन गरि मानविकी, व्यवस्थापन, विज्ञान तथा प्रविधि, शिक्षा शास्त्र, कृषि तथा वनविज्ञान, कानुन र इन्जिनियरिङ्गमा पठनपाठन भईरहेको छ। यस मध्यपश्चिम विश्वविद्यालयले यी सात ग्र्याजुएट स्कुल बाहेक विश्वविद्यालयको रणनीतिक योजना अनुसार निकट भविष्यमा नै ग्र्याजुएट स्कुल अफ हेल्थ साईन्स सञ्चालन गर्ने लक्ष्य अनुरुप आवश्यक पूर्वाधार निर्माण र अन्य शैक्षिक कार्यहरू सञ्चालन गरिरहेको छ।

२. ग्र्याजुएट स्कुल अफ इन्जिनियरिङ्गको संक्षित परिचय

नेपालमा रहेका अन्य विश्वविद्यालयहरूले प्राविधिक विषयमा कार्यक्रम सञ्चालन गरी राष्ट्र विकासमा अतुलनीय योगदान पुऱ्याउँदै आइरहेको परिप्रेक्ष्यमा ग्रामीण क्षेत्रलाई समेत प्राविधिक क्षेत्रमा सवल र सुदृढ बनाउने अभिप्रायका साथ यस मध्यपश्चिम विश्वविद्यालय सुर्खेतले पनि आर्थिक वर्ष ०७०/०७१ को शैक्षिक सत्रदेखि ग्र्याजुएट स्कुल अफ इन्जिनियरिङ्गको स्थापना गरेको हो। यस स्कुल अन्तरगत इन्जिनियरिङ्ग केन्द्रीय विभागमा BE (Civil) आ.व. ०७२।७३ देखि BE (Computer) विषयमा र २०७३/०७४ देखि BE (Hydropower) विषयमा पठनपाठन शुरु गरेको छ । यसैगरी स्नातकोत्तर तहमा आ.व.२०७५/०७६ देखि MSc in Construction Management तथा MSc in Structural Engineering विषयको समेत पठनपाठन सञ्चालन भैरहको छ साथै आगामी दिनहरूमा इन्जिनियरिङ्ग विधाका विभिन्न विषयहरूका स्नातक र स्नातकोत्तर तहमा समेत बिभिन्न थप कार्यक्रम समेत सञ्चालन गर्ने योजना बनाएको छ।

देश विकासको मेरुदण्डको रुपमा रहेको प्राविधिक शिक्षाको जनशक्ति स्वदेशबाटै पूर्ण गर्न र बाँकी रहेका दक्ष प्राविधिक जनशक्ति विदेशी मुलुकमा गई आय आर्जन अर्थात् विश्व सामु पहिचान गराउन देशका लागि समेत गर्व गर्ने बिषय भएकाले नेपालको शिक्षा नीति अनुरुप सबै विकास क्षेत्रलाई समेट्ने गरी बहुविश्वद्यालयको धारणा अगाडि सरेको छ। क्षेत्रगत विकास मात्र नभई सिङ्गो नेपाल र विश्वलाई समेत चिनारी दिने हेतुले प्राविधिक बिषयमा अध्ययन अध्यापन गराउने लक्ष्य यस विश्वविद्यालयले बोकेको छ। त्यसै लक्ष्य अनुरुप कर्णाली क्षेत्रका जनताको असीम चाहना अनुरुप स्थापित भएको यस मध्यपश्चिम विश्वविद्यालयले विभिन्न ग्र्याजुएट स्कुलमा स्नातक र स्नातकोत्तर तह सञ्चालन गरेको छ भने आगामी बर्षहरूमा स्नातक तहका अन्य थप कार्यक्रमहरू पनि सञ्चालन गर्दै जानेछ भने साथै निकट भविष्यमा स्नातकोत्तर तह र विभिन्न विधामा Research Center हरू सुरु गर्ने लक्ष्य लिएको छ जसले गर्दा यस क्षेत्र र समग्र देशको प्राविधिक जनशक्ति उत्पादनमा थप सहयोग र अनुसन्धानात्मक शिक्षाको विकास हुने विश्वास लिईएको छ। यही अवधारणा अनुसार यस ग्र्याजुएट स्कुल अफ इन्जिनियरिङ्ग कर्णाली क्षेत्रमा १० जिल्लालाई ईन्जिनियरिङ्ग कार्यक्रम सुरक्षित कोटा पनि छुट्याइएको छ।

क) केन्द्रीय विभागहरुमा भर्ना कोटा

मध्यपश्चिम विश्वविद्यालय ग्याजुएट स्कुल अफ इन्जिनियरिङ्ग अन्तर्गत इन्जिनियरिङ्ग कार्यक्रमको बी.ई. तहमा अध्यापन गरिने कार्यक्रमको भर्ना लक्ष्य :-

कार्यक्रम	नियमित (निशुल्क वृत्ति) १२%	पूर्ण शुल्कीय	विदेशी
सिभिल	६ (३ खुल्ला, ३ समावेशी)	३८	४
कम्युटर	६ (३ खुल्ला, ३ समावेशी)	३८	४
हाइड्रोपावर	६ (३ खुल्ला, ३ समावेशी)	३८	४

ख) ग्याजुएट स्कुल अफ इन्जिनियरिङ्ग केन्द्रीय विभागहरुमा भर्ना व्यवस्था

ग्याजुएट स्कुल अफ इन्जिनियरिङ्गको भर्ना सम्बन्धमा निम्न तीन किसिमका शिक्षण शुल्क लिने गरी आवेदकहरू भर्ना गरिने व्यवस्था छ : १) निःशुल्कवृत्ति भर्ना २) पूर्णशुल्कीय भर्ना र ३) विदेशी नागरिक भर्ना । निःशुल्क वृत्ति विद्यार्थीको रुपमा भर्ना पाएका विद्यार्थीहरूले न्यूनतम शिक्षण शुल्क तिर्नेछन र बाँकी आवेदकले पूर्ण शुल्कीय कार्यक्रम अन्तर्गतको शुल्क तिरी भर्ना हुन सक्नेछन्। निःशुल्क वृत्ति, पूर्णशुल्कीय र विदेशी आवेदकको भर्ना तथा सेमेष्टर शुल्क-विवरण दफा ८ मा दिइएको छ।

३. स्नातक तह (बी.ई.) तर्फको प्रवेश प्रकिया

ग्याजुएट स्कुल अफ इन्जिनियरिङ्गका केन्द्रीय विभागहरुमा भर्ना भई अध्ययन गर्न चाहने आवेदकहरूले अनिवार्यरुपमा ग्याजुएट स्कुल अफ इन्जिनियरिङ्गले सञ्चालन गरेको प्रवेश परीक्षा दिई तोके अनुसार न्यूनतम अङ्कभार तथा मापदण्ड पूरा गरी प्रवेश परीक्षामा सफल भएको हुनुपर्ने छ।

प्रवेश परिक्षाका लागि तोकिएको आवेदन शुल्क तिरी अनलाइन पोटेल entrance.mu.edu.np मा login गरी भर्न सकिनेछ ।

क) प्रवेश परीक्षाको आवेदनका लागि न्यूनतम योग्यता

मान्यता प्राप्त शिक्षण संस्थाबाट भौतिक विज्ञान वा जिवविज्ञान विषयमा कम्तीमा १०० पूर्णाङ्कको गणित विषय सहित प्रविणता प्रमाणपत्र तह, उच्च माध्यमिक तह, वा इन्जिनियरिङ्ग डिप्लोमा तह वा सो सरहको परीक्षामा कूल पूर्णाङ्कको कम्तिमा **४५%** अङ्क प्राप्त गरी उत्तीर्ण गरेको वा Grade System मा CGPA 2 (In scale of 4) र भौतिक विज्ञान, रसाइनशास्त्र र गणित विषयहरु सहित सम्पूर्ण विषयको औषत न्युनतम C ग्रेड (A लेभल को लागी D ग्रेड) प्राप्त गरेका आवेदकहरूले आवेदन दिई परीक्षामा सहभागी हुन पाउने छन्।

ख) प्रवेश-परीक्षा

- स्नातक (बी.ई.) तहको प्रवेश परीक्षा ग्याजुएट स्कुल अफ इन्जिनियरिङ्गले संचालन गर्नेछ। प्रवेश परीक्षा तथा भर्ना सम्बन्धी सम्पुर्ण कार्यहरु गर्नको लागि डीनको अध्यक्षतामा भर्ना समिती गठन हुनेछ ।
- प्रवेश परीक्षा तोकेको मितिमा नै हुनेछ।
- प्रवेश परीक्षाको अङ्कभार १०० प्रतिशत हुनेछ।
- प्रवेश-परीक्षामा सम्मिलित भई उत्तीर्ण भएका आवेदकहरूलाई मात्र योग्यताक्रमको आधारमा स्कूलमा भर्नाको लागि आवेदन दिन योग्य मानिनेछ।

आई.एस्सी. तथा कक्षा ११ र १२ स्तर सम्मको पाठ्यक्रमको आधारमा अनिवार्य गणित, भौतिकशास्त्र, रसायनशास्त्र र अंग्रेजी गरी चार विषयको प्रवेश परीक्षा लिइनेछ। उक्त विषयहरूको प्रवेश परीक्षाको पाठ्यक्रम परिशिष्ट खण्डमा दिइएको छ।

- १०० पूर्णाङ्ककको प्रवेश परीक्षा एकै सिटमा २ घण्टाको अवधिमा लिइने छ।
- प्रवेश परीक्षामा प्रवेशपत्रका साथमा परिचय खुलाउने प्रमाण पत्र तथा बैंक भौचरको सक्कल प्रति पनि अनिवार्यरुपमा ल्याउनु पर्नेछ। यी कागजात विना परीक्षामा सम्मिलित हुन दिइने छैन।

ग) प्रवेश परीक्षाको नतिजा प्रकाशन

प्रवेश परीक्षाको कूल प्राप्ताङ्क प्रतिशतलाई प्रवेश प्राप्ताङ्क कायम गरिनेछ। सोही प्रवेश प्राप्ताङ्कको आधारमा प्रवेश-परीक्षाको लागि न्यूनतम उत्तिर्णाङ्क ४०% (चालिस प्रतिशत) वा भर्ना समितिले आवश्यकताका आधारमा निधारण गरे बमोजिमको योग्यताक्रम सूची मध्यपश्चिम विश्वविद्यालयको वेभसाइट www.mu.edu.np मा वा ग्र्याजुएट स्कुल अफ इन्जिनियरिङ्ग डीन कार्यालयको सुचना पाटीमा हेर्न सकिनेछ। त्यसपछि भर्ना सम्बन्धि सम्पूर्ण कार्यहरू इन्जिनियरिङ्ग केन्द्रीय विभागहरुबाट नै सम्पन्न गरिने छ।

४. छनोटको आधार, छात्रवृति सम्बन्धी व्यवस्था र सूची-प्रकाशन

प्रवेश-प्राप्ताङ्कको आधारमा परिक्षार्थीले छनोट गरेको विषय अनुसार भर्नाको लागि योग्यताक्रमको सूची प्रकाशित गरिनेछ। सो योग्यताक्रममा ग्र्याजुएट स्कुल अफ इन्जिनियरिङ्गले तोकेको प्रवेश-परीक्षाको न्यूनतम प्राप्ताङ्क प्रतिशत वा सो भन्दा बढी प्राप्ताङ्क भएका परीक्षार्थीहरूको मात्र नाम समावेश गरिनेछ। सूची प्रकाशित गर्दा दुई वा दुई भन्दा बढी आवेदकहरूको प्रवेश प्राप्ताङ्क बराबर भएमा कुल प्राप्ताङ्कको दशमलवपछि ३ अकंको गणना गरिनेछ। यसो गर्दा जसको अङ्क बढी हुन्छ, उसैको नाम प्राथमिकता क्रमानुसार प्रकाशित गरिनेछ। यसो गर्दा पनि प्राप्ताङ्क बराबर भएमा प्रवेश परीक्षामा क्रमश : गणित, भौतिकशास्त्र, रसायनशास्त्र र अंग्रेजी विषयहरूको प्राप्ताङ्क जसको बढी आएको हुन्छ उसैको नाम प्रकाशित गरिनेछ । त्यसपछि पनि प्राप्ताङ्क बराबर भएमा १०+२ वा सो-सरहको तथा SEE को प्राप्ताङ्क क्रमशः जसको बढी हुन्छ उसको नाम योग्यताक्रममा अगाडी राखिने छ ।

४.१ छात्रवृति सम्बन्धी व्यवस्था

४.१.१ छात्रवृत्ति सम्बन्धी व्यवस्था: ग्र्याजुएट स्कुल अफ इन्जिनियरिङ्ग अन्तर्गत सबै विभागहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि निम्नानुसारका छात्रवृत्तिहरु प्रदान गरिनेछ ।

(१) निःशुल्क छात्रवृत्ति (पुर्णकालीन)

(२) विशेष छात्रवृत्ति (सर्वोत्कृष्ट)

(१) निःशुल्क छात्रवृत्ति (पुर्णकालीन) सम्बन्धी व्यवस्था

(क) विश्वविद्यालयवाट प्रदान गरिने सम्पुर्ण छात्रवृत्ति संख्या मध्ये ५५ प्रतिशत खुल्ला एवम् ४५ प्रतिशत नेपाल सरकारद्वारा निर्धारित समावेशी वर्गीकरणका आधारमा प्रदान गरिनेछ ।

(ख) ग्र्याजुएट स्कुल अफ इन्जिनियरिङ्ग अन्तर्गत सबै विभागहरुमा भर्ना हुने विद्यार्थीहरुमध्ये कुल भर्ना संख्याको १२ प्रतिशतलाई निःशुल्कवृत्ति (पुर्णकालीन) प्रदान गरिने छ ।

(ग) पुर्णकालीन छात्रवृत्ति प्राप्त गर्ने विधार्थीहरुको योग्यताक्रमको सुची छात्रवृत्ति समितिले निर्धारण गर्नेछ ।

(घ) पुर्णकालीन छात्रवृत्ति अर्न्तगत खुल्ला र समावेशीतामा आधारित छात्रवृत्ति प्रदान गर्दा देहाय वमोजिम मुल्याङ्कन गरी योग्यताक्रमको सूचि तयार गर्नुपर्नेछ ।

खुल्ला तर्फ			समावेशी तर्फ		
सि.नं.	विवरण	अधिकतम् अंक	सि.नं.	विवरण	अधिकतम् अंक
१.	अघिल्लो तहको परिक्षाको नतिजाको आधारमा दिईने अंक	५०	१.	अघिल्लो तहको परिक्षाको नतिजाको आधारमा दिईने अंक	३०
२.	प्रवेश परीक्षामा प्राप्त अंक	५०	२.	प्रवेश परीक्षामा प्राप्त अंक	५०
			३	समावेशिताको वर्गिकरण आधारमा प्राप्त अंक	२०
जम्मा		१००	जम्मा		१००

(ङ) विभिन्न शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीहरुलाई प्रदान गरिने पूर्णकालीन छात्रवृत्तिको हकमा छात्रवृत्ति समितिले योग्यताक्रमको सूची तयार गर्दा कूल १०० अङ्कलाई पुर्णाङ्क कायम गरी विद्यार्थीहरुको प्राप्ताङ्क मापन गनुपर्नेछ ।

४.१.२ निःशुल्कवृत्ति खुल्ला ३ कोटाको लागि

(क) निःशुल्कवृत्ति खुल्ला ३ कोटाको लागि नयाँ भर्नाका लागि लिएको प्रवेश परिक्षाको प्राप्ताङ्क वापत् विद्यार्थीहरुले अधिकतम ५० अङ्क प्राप्त गर्नेछन । सो प्रयोजनका लागि प्रवेश परिक्षामा विद्यार्थीले प्राप्त गरेको कूल प्राप्ताङ्कलाई ५० प्रतिशतमा रुपान्तरण गरिनेछ ।

४.१.३ निःशुल्कवृत्ति समावेशी ३ कोटाको लागि

(क) नयाँ भर्नाको लागि लिएको प्रबेश परीक्षाको प्राप्ताङ्क वापत विद्यार्थीहरुले अधिकतम ५० अंक प्राप्त गर्नेछन । सो प्रयोजनका लागि प्रवेश परीक्षामा विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्कलाई ५० प्रतिशतमा रुपान्तरण गरिनेछ र बाँकी ५० प्रतिशतमा अघिल्लो तहको परीक्षाको नतिजालाई ३० प्रतिशत र समावेशिताको वर्गिकरण आधारलाई २० प्रतिशत मानिनेछ ।

(ग) एक तह मुनिका परिक्षामा प्राप्त गरेको कुल अङ्क वापत् विद्यार्थीले अधिकतम् ३० अङ्क प्राप्त गर्नेछन, जस अनुसार विशिष्ट श्रेणी वा सो सरह भए अधिकतम् ३० अङ्क, प्रथम श्रेणी वा सो सरह भए अधिकतम् २५ अङ्क, द्वितीय श्रेणी वा सो सरह भए अधिकतम् २० अङ्क र तृतीय श्रेणी वा सो सरह भए अधिकतम् १५ अङ्कका हिसाबले अङ्क प्राप्त गर्नेछन ।

(घ) निःशुल्कवृत्ति नेपाल सरकार द्धारा निर्धारित समावेशी सिद्धान्तलाई अवलम्बन गर्दै निम्न समुह अन्तरगत प्रतिनिधित्व गर्ने विद्यार्थीलाई कुल २० अंकलाई पुर्णाङ्क कायम गरी निम्नानुसार अंक प्रदान गरिनेछ ।

क्र.सं.	प्रकार	अंक
१	महिला	७
२	दलित	२
३	आदिवासी जनजाती	५
४	मधेसी	४
५	अपाङ्ग	१
६	पिछडिएको क्षेत्र	१

(ङ) एक वा एकभन्दा बढी समावेशी समुहबाट प्रतिनिधित्व गर्ने आवेदकहरुले आफुले प्रतिनिधित्व गर्ने सबै समुहहरु अनलाईन आवेदन फाराममा छनौट गनुपर्नेछ र उक्त समावेशी समुहहरुको सम्बन्धित निकायबाट प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा अनलाईन आवेदन फाराममा समावेश गनुपर्नेछ ।

(च) समावेशी निःशुल्कवृत्ति कोटामा आवेदन दिने विद्यार्थी सामुदायिक तथा सरकारी विद्यालयवाट SEE उत्तिर्ण गरेको हुनु पर्नेछ ।

थप जानकारीः

(क) निःशुल्कवृत्ति प्राप्त गर्ने विद्यार्थीले छात्रवृत्ति कायम रहेको अवधिभर मासिक शिक्षण शुल्क वरावरको रकम छात्रवृत्ति स्वरुप प्राप्त गर्नेछन र त्यस बाहेक विश्वविद्यालयले तोकेको अन्य शुल्कहरु भने तिर्नु पर्नेछ ।

(ख) नेपाल सरकारको कोषबाट तलबखाने गरी तलबी बिदामा अध्ययन गरिरहेका विद्यार्थीले निःशुल्कवृत्ति प्राप्त गर्ने छैनन ।

(ग) भर्नाको समयमा प्रदान गरिएको निशुल्कवृत्ति लगातार तीनवटा सेमेस्टरमा अनुत्तिर्ण रहेमा कायम नरहने र त्यसपछिका सेमेस्टरमा पूर्णशुल्कीय तर्फ को शुल्क तिर्नुपर्नेछ ।

(घ) निःशुल्कवृत्ति प्राप्त गरेको विद्यार्थी सत्रान्त परीक्षामा अनुतीर्ण भई छात्रवृत्तिबाट मुक्त भएको खण्डमा सो विद्यार्थीले प्राप्त गरेको छात्रवृत्ति बाँकी अवधीको लागि छात्रवृत्ति वितरण गर्दा तयार गरीएको वैकल्पीक सूचीमा उल्लेखित उमेद्वारहरुलाई रोल क्रमको आधारमा प्रदान गरिनेछ ।

(ङ) निःशुल्कवृत्तिको लागि विद्यार्थीको छनौट गर्दा विद्यार्थीहरुको कुल प्राप्ताङ्क वरावर भएको खण्डमा भर्नाका लागि लिइएको प्रवेश परीक्षामा बढी अंक प्राप्त गर्ने विद्यार्थीलाई पहिलो प्राथमिकता दिइनेछ । यदी प्रवेश परीक्षाको अंक पनि वरावर भएको खण्डमा अघिल्लो शैक्षिक कार्यक्रमको प्राप्ताङ्कको आधारमा गणना गरीने छ ।

(च) निःशुल्कवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको योग्यताक्रमको सूची भर्ना समितिले निर्धारण गर्नेछ ।

४.१.४ सर्वोत्कृष्ट विद्यार्थी छात्रवृत्ति

ग्याजुएट स्कुल अफ इन्जिनियरिङ्ग अन्तर्गत संचालित प्रत्येक कार्यक्तमको प्रत्येक कक्षाको सेमेस्टरमा पूर्ण शुल्किय मध्येबाट प्रथम हुने १ जना विद्यार्थीलाई विशेष छात्रवृत्ति स्वरूप सेमेस्टर शुल्क मिनाहा गरिने छ।

४.२ विद्यार्थीको भर्ना सूची प्रकाशन र भर्ना प्रकिया

- ग्याजुएट स्कुल अफ इन्जिनियरिङ्गको शैक्षिक वर्ष २०८०/८१ को विभिन्न कार्यक्रममा भर्नाका लागि भर्ना समितिले तोके वमोजिम अनलाईन आवेदनमा समावेश भएको सम्पूर्ण विवरणहरु भर्नु पर्नेछ ।
- आवेदकहरुबाट प्राप्त प्राथमिकताको आधारमा भर्ना सुची प्रकाशित गरिनेछ ।
- ग्याजुएट स्कुल अफ इन्जिनियरिङ्गले सुरक्षित गरेका कोटाहरू सम्बन्धित आवेदकहरूबाट पूरा नभएमा योग्यताक्रमबाट पूरा गरिनेछ।
- कक्षा सुरु भइसकेपछि सात दिनसम्म लगातार बिना सूचना विभागमा अनुपस्थित रहेमा विद्यार्थीहरूको भर्ना रद्द गरिनेछ।

५. विभिन्न कोटा र सुरक्षित स्थान

क) महिला कोटा

पूर्णशुल्कीय कार्यक्रमहरूमा १०% स्थान महिला आवेदकहरूलाई सुरक्षित गरिएको छ। प्रकाशित भर्ना सूचीमा १० प्रतिशत महिला आवेदक छनौट नभएको खण्डमा योग्यताक्रमको आधारमा खुल्ला आवेदकहरूको नाम भर्ना सूचीमा प्रकाशित गरिनेछ।

क्र.सं.	कार्यक्रम	पूर्ण शुल्कीय संख्या
१	सिभिल	४
२	कम्प्युटर	४
३	हाइड्रोपावर	४

ख) कर्णाली कोटा

यस कोटामा आवेदन दिने विद्यार्थी कर्णाली प्रदेशको नागरिकता भएको हुनुपर्ने तथा कम्तीमा पनि प्रवेशिका परीक्षा सरकारी वा सामुदायिक विद्यालयबाट उत्तीर्ण भएको हुनुपर्नेछ । पूर्ण शुल्कीय कोटा अर्न्तगत कर्णाली प्रदेशको जिल्लाहरूका लागि निम्नानुसार छुट्टयाइएको छ ।

जिल्ला	सिभिल तर्फ	कम्प्युटर तर्फ	हाइड्रोपावर तर्फ
सुर्खेत	१	१	१
दैलेख	१	१	१
जाजरकोट	१	१	१
कालिकोट	१	१	१
जुम्ला	१	१	१
हुम्ला	१	१	१
मुगु	१	१	१
डोल्पा	१	१	१
सल्यान	१	१	१
रुकुम पश्चिम	१	१	१
जम्मा	१०	१०	१०

पूर्ण शुल्कीय कोटामा आ-आफ्नो जिल्लाका आवेदकहरू बीचको प्रतिस्पर्धाको आधारमा यी सीटहरूमा भर्ना गरिने छ। यसरी छुट्याइएको कोटा कुनै जिल्लाको पूर्ति नभएमा पूर्ण शुल्कीय कार्यक्रममा आवेदन दिने मध्येबाट योग्यताक्रम अनुसार उक्त रिक्त कोटामा भर्ना गरिने छ।

ग) विदेशी नागरिकहरूका लागि सुरक्षित कोटा

ग्याजुएट स्कुल अफ इन्जिनियरिङ्ग अर्न्तरगत सञ्चालित पूर्णशुल्कीय कार्यक्रमको ४ सीट विदेशी विद्यार्थीहरूको प्रवेश परीक्षा निम्न अनुसारको हुनेछ।

क्र.सं.	बिदेशी विद्यार्थीहरूको किसिम	प्रवेश परीक्षाको किसिम
१	नेपालकै क्याम्पस/उच्च माध्यमिक विद्यालयमा अध्ययन गरी आएका विदेशी विद्यार्थीहरू	ग्याजुएट स्कुल अफ इन्जिनियरिङ्गले तोकेको प्रवेश परीक्षामा सामेल भई उत्तीर्ण हुनुपर्नेछ।
२	SAARC देशका विदेशी विद्यार्थीहरू	अध्ययन सस्थानले संचालन गर्ने नेपाली विद्यार्थीहरू सरह प्रवेश परीक्षामा सामेल भई उत्तीर्ण हुनुपर्नेछ।
३	SAARC देशभन्दा बाहेकका अन्य विदेशी विद्यार्थीहरू	ग्याजुएट स्कुल अफ इन्जिनियरिङ्गले तोकेको प्रवेश परीक्षा अनुसार भर्ना गर्न सकिनेछ।

यसरी छुटयाइएको कोटा पूर्ति नभएमा पूर्ण शुल्कीय कार्यक्रममा आवेदन दिने मध्येबाट योग्यता क्रम अनुसार भर्ना गरिने छ।

थप जानकारी

- प्रत्येक कार्यक्रम (Civil, Computer, Hydropower) को भर्ना लक्ष्य अनुसार प्रवेश परीक्षामा विद्यार्थी उत्तिर्ण नभएको खण्डमा निःशुल्क छात्रवृत्ति प्रदान गर्न उत्तिर्ण संख्याको अनुपात (१२ प्रतिशत) लाई आधार मानि पहिलो प्राथमिकतामा खुल्ला, त्यसपछि क्रमशः समावेशी कोटाहरु पुर्ति गरिनेछ । र बाँकि निःशुल्क छात्रवृत्ति त्यसपछि लिइने प्रवेश परीक्षाबाट प्रदान गरिनेछ ।
- कुनै एक कार्यक्रम (Civil, Computer, Hydropower) मा भर्ना भई अर्को कार्यक्रममा स्थानान्तरण पाउने छैन ।
- मध्यपश्चिम विश्वविद्यालयको नियम वमोजिम स्नात्तक तहमा न्युनतम १५ जना विद्यार्थी र स्नात्तकोत्तर तहमा न्युनतम १० जना विद्यार्थी हुनुपर्ने व्यवस्था भएकोले उक्त संख्यामा विद्यार्थी भर्ना नभएमा कार्यक्रम संचालन गरिने छैन ।
- एक प्रकारको छात्रवृत्ति वा सुविधा उपभोग गर्ने विद्यार्थीहरूलाई अर्को प्रकारको छात्रवृत्ति वा सुविधा दिइने छैन।

६. भर्ना हुँदा पेस गर्नुपर्ने कागजातपत्रहरू

भर्ना हुनका लागि नाम प्रकाशित भएका आवेदकहरूले निम्न लिखित कागजपत्रहरूका साथ आफै वा आफ्नो प्रतिनिधि मार्फत तोकिएको मिति भित्र भर्ना हुनुपर्ने छ।

- प्रवेश परीक्षाको Admit Card सक्कल प्रति,
- प्रवेशिका SEE वा सो सरहको परीक्षाको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको सक्कल र प्रतिलिपि १/१ प्रति।
- मान्यता प्राप्त शिक्षण-संस्थाबाट भौतिक विज्ञान वा जिवविज्ञान विषयमा कम्तीमा १०० पूर्णाङ्कको गणित विषय सहित प्रविणता प्रमाणपत्र तह, उच्च माध्यमिक तह, वा इन्जिनियरीङ्ग डिप्लोमा तह वा सो सरहको परीक्षामा कूल पूर्णाङ्कको कम्तिमा **४५%** अङ्क प्राप्त गरी उत्तीर्ण गरेको वा Grade System

मा CGPA 2 (In scale of 4) र भौतिक विज्ञान, रसाइनशास्त्र र गणित विषयहरु सहित सम्पूर्ण विषयको औषत न्युनतम C ग्रेड (A लेभल को लागी D ग्रेड) भएको लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट) र चारित्रिक प्रमाण पत्रहरूको सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति

- नेपाली नगरिकताको प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति,
- सामुदायिक तथा सरकारी विद्यालयबाट SEE उतीर्ण गरेको प्रमाणित सिफारिस पत्र
- समावेशि कोटा बाट निःशुल्कवृत्ति छात्रवृत्ति प्राप्त गर्ने विद्यर्थीहरुको हकमा उक्त विद्यर्थीहरुले आफ्नो समुदायको वा क्षेत्रको सामावेशी भयको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।
- अन्य विश्वविद्यालयको वा बोर्डबाट प्रविणता प्रमाण पत्र तह वा सो सहरको परीक्षा उतिर्ण गर्नेहरूले सम्बन्धित बोर्डका माइग्रेशन सर्टिफिकेट, बोर्ड सटिफिकेट वा प्रोभिजनल सर्टिफिकेटको सक्कल र प्रमाणीत प्रतिलिपि १/१ प्रति,
- विदेशी आवेदकहरूले राहदानीको प्रमाणीत प्रतिलिपि पेश गर्नु पर्नेछ।
- सरकारी वा सरकारी स्वामित्वमा वा गैरसरकारी संस्थाहरूलाई सुरक्षित गरिएको पूर्ण शुल्कीय कार्यक्रम अर्न्तगतको सीटमा आवेदन दिने आवेदकहरूले कार्यरत संस्थाको मनोनयन पत्र र प्रायोजित गर्ने पत्रको सक्कल प्रति आवेदन साथ पेश गर्नु पर्नेछ।
- कुनै आवेदनकले एकै समयमा एउटै वा समान स्तरको पाठ्यक्रम दुई विश्वविद्यालय वा संस्थामा दर्ता गरेको पाइएमा नेपालको शिक्षण संस्था वा विश्वविद्यालयमा दर्ता गरी प्राप्त गरेको प्रमाण पत्रलाई मात्र मान्यता दिइने छ।

७. भर्ना रद्ध र धरौटी रकम फिर्ता

- सक्कल प्रमाणपत्रहरू रुजु गर्दा प्राप्ताङ्क वा अन्य विवरणहरू फरक हुन आएमा वा अन्य कुनै किसिमबाट गल्तीले नाम प्रकाशित भएमा त्यस्ता आवेदकलाई भर्ना हुन दिने छैन। यदि कुनै पनि गल्तीले भर्ना भएको भए तापनि भर्ना रद्ध गरिने छ।
- भर्ना भई कक्षा सञ्चालन भएको मितिले सात दिनसम्म उचित कारण सहितको सूचना विना कक्षामा अनुपस्थित रहने तथा दर्ता फारम दर्ता नगराउने विद्यार्थीहरूको भर्ना रद्द गरी सो स्थानमा योग्यताक्रमानुसार पुनः नाम प्रकाशित गरी भर्ना गरिने छ।
- कुनै कारणवस कक्षा सञ्चालन हुनु अगावै विद्यार्थी स्वयम्ले भर्ना रद्द गरेमा शिक्षण शुल्कको १० प्रतिशत रकम कट्टा गरी भर्ना रद्द गरिने छ। कक्षा सञ्चालन भएको मितिले ७ दिन भित्र भर्ना रद्द गरेमा शिक्षण शुल्कको २० प्रतिशत रकम कट्टा गरी भर्ना रद्द गरिने छ र कक्षा शुरु भएको ७ दिन पछि भर्ना रद्द गर्न चाहेमा विभागको धरौटी रकम समेत जफत गरि भर्ना रद्द गरिने छ।
- पाठ्यांश पूरा गरेर वा नगरी कुनै किसिमले विभाग छोडेको एक वर्ष भित्र मात्र विभाग धरौटी बाहेक अन्य धरौटी फिर्ता गरिने छ। तर विभाग धरौटी स्नातक तहको अध्ययन पूरा गरेपछि एक वर्ष भित्रमात्र फिर्ता गरिने छ। बीचमा पढाई छाडेमा विद्यार्थीहरूको हकमा विभाग धरौटी जफत गरिने छ।
- ग्याजुएट स्कुल अफ इन्जिनियरिङ्ग अन्तरगतका विभागहरुमा कुनै तहमा भर्ना भई बीचैमा अध्ययन छाडेका वा छुटाएका विद्यार्थीहरूले सम्बन्धित विभागमा सर्म्पक राखी छुटेको वर्ष/खण्डको अध्ययन नियमानुसार पुनः चालु गर्न सक्नेछन्। यस्तो अवस्थामा उक्त कार्यक्रममा निर्धारित सीट खाली भएमा मात्र छुटेको बर्ष वा खण्डको अध्ययन गर्ने पाउनेछ। यस्ता विद्यार्थीहरूले कक्षा सञ्चालन हुनु भन्दा १५ दिन अगावै प्रकृया पूरा गरिसक्नुपर्ने छ र नयाँ भर्ना मार्फत प्रथम सत्रदेखि पढाई सूरु गर्न पाउने छैनन र यसरी भर्ना भएमा भर्ना रद्द गरिने छ।

८. स्नातक (बी.ई.) तहको शुल्क विवरण

4 Year 8 Semester Course **Academic Year 080/081**

S.N.	Semester Fee	For Scholarship Student NRs	For Full Fee Student NRs	For Foreign Student NRs
1	Admission	1,000	1,000	2,000
2	Tuition Fee	-	43923	51243
3	Game and Sports	200	200	400
4	Library	-	3,000	6,000
5	Examination	650	650	650
6	Late Charge Fee	0	0	0
7	Laboratory	1200	5,000	5,000
8	Student Union	100	100	200
9	Student Welfare	100	500	500
	Total	**3,250**	**54373**	**65,993**
10	Library Deposit	1,000	1,000	2,000
11	Library Card	150	150	150
12	Identity Card	150	150	150
13	Survey camp/ Project	5000	15,000	25,000
14	Field Trip	6000	10,000	30,000
15	Laboratory Deposit	1,000	1,000	10,000
16	MU Registration	500	500	1,000
17	Department Security Deposit	1,000	5,000	10,000
18	Robotics Club/ Research Club	2000	5,000	5000
	Total	**16,800**	**37,800**	**83,300**
	Grand Total	**20,050**	**92173**	**149,293**

Remaining each Semester (For Scholarship Student):- NRs **3,250/-**
Total fee for Scholarship student: - NRS **42,800**
Remaining each Semester (Full Fee Student):- NRs **54,373/-**
Total fee for Full Fee Student: -**NRs 4, 72,784/-**
Remaining each Semester (Foreign Student):- NRs **65,993/-**
Total fee for Foreign Student: -**NRs6, 11,244/-**

Note: - (i) All deposits are refundable.
(ii) Application form and entrance test fee will be NRs Rs. 2000/- for BE program.

द्रष्टव्य:

१. माथि उल्लेख गरिएको शुल्कका सम्बन्धमा निःशुल्कवृत्ति छात्रवृत्ति र पूर्ण शुल्कीय विद्यार्थीको लागि क्रमश : विश्वविद्यालय वा ग्याजुएट स्कुल अफ इन्जिनियरिङ्ग बाट परिमार्जन भएमा सोही अनुसार हुनेछ।

२. माथि उल्लेखित विभाग धरौटी अध्ययन पुरा गरेपछि मात्र फिर्ता हुनेछ।

९. म.प.वि. दर्ता, विभाग परिचय पत्र र पुस्तकालय सदस्यता पत्र

क) म.प.वि. दर्ता भइसकेका आवेदकले दर्ता भएको विवरण पत्रको फोटोकपी बुझाउनुपर्ने छ र नभएकाले २ प्रति पासपोर्ट साईजको फोटो ल्याई तोकिएको मिति भित्र दर्ता फारम भर्नु पर्ने छ।

ख) विभाग परिचयपत्र र पुस्तकालय सदस्यता पत्र विभागले प्रदान गर्नेछ। यसका लागि ताकिएको मितिमा निम्नानुसारका फोटाहरू लिई विद्यार्थी स्वयं उपस्थित हुनुपर्ने छ।

- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति।
- हालसालै खिचिएको अटोसाइजको फोटो २ प्रति।
- उपरोक्त बुँदा न. ९ का अनुसारका कामहरू गर्न विभागले सूचना गरेको दिनमा अनिवार्य उपस्थित हुनुपर्नेछ।

१०. परीक्षा प्रणाली

(क) आन्तरिक मूल्याङ्कन

१) ग्र्याजुएट स्कुल अफ इन्जिनियरिङ्गको नियमानुसार अध्ययनरत विद्यार्थीको उपस्थिति कम्तिमा **७५** प्रतिशत हुनुपर्नेछ।

२) प्रत्येक विषयको आन्तरिक मूल्याङ्कनमा (Internal Assessment) उत्तीर्ण हुनुपर्नेछ। आन्तरिक मूल्याङ्कनमा अनुउत्तीर्ण भएमा सो विषयको सेमेष्टर परीक्षा दिन पाइने छैन।

३) कुनै विषयको पाठ्यक्रम संशोधन भएमा पुनः परीक्षा दिनेहरूले संशोधित पाठ्यक्रमको आधारमा पुनः परीक्षा दिनु पर्ने छ।

(ख) अन्तिम परीक्षा

१) यस ग्र्याजुएट स्कुल अफ इन्जिनियरिङ्ग अन्तर्गत अध्यापन गरिने सबै तहको परिक्षाहरु परीक्षा व्यवस्थापन कार्यालयले संचालन गर्नेछ।

२) विद्यार्थीहरूले ४ बर्षे शैक्षिक कार्यक्रम बढीमा ८ वर्षमा समाप्त गर्नु पर्ने छ।

३) विभिन्न इन्जिनियरिङ्ग कार्यक्रममा स्नातक तहको अध्ययन पुरा गर्ने विद्यार्थीहरूलाई इन्जिनियरिङ्ग-शास्त्री (बी.ई.) उपाधि प्रदान गरिने छ।

११. खण्डगत भर्ना रोक्का

१. कुनै वर्ष र खण्डको नियमित अर्धवार्षिक परीक्षामा सम्मिलित हुन परीक्षा फारम भरेको हुनुपर्ने छ र कम्तीमा १ वटा परीक्षा दिएको हुनुपर्ने छ। अन्यथा माथिल्लो वर्ष र खण्डमा सम्मिलित हुन दिइने छैन।

२) कुनै बर्ष र खण्डको परीक्षा दिइएपछि त्यसपछिको बर्ष र खण्डमा अध्ययन गर्न भर्ना हुनुपर्ने छ।

१२. छात्रवृत्ति र पदक

छात्रवृत्ति र पदक म.प.वि. वा ग्र्याजुएट स्कुल अफ इन्जिनियरिङ्गले समय समयमा सूचना गरे अनुसार वा व्यवस्था गरे बमोजिम हुनेछ।

१३. विद्यार्थीहरूको आचार संहिता

१. ऐन र नियम पालना गर्नुपर्नेः विद्यार्थीले ऐन, नियम, विश्वविद्यायको विभाग वा कुनै संगठन वा निकायको कार्यप्रणाली, निर्देशन, सूचना र परिपत्र आदि पालना गर्नु पर्नेछ।

२. शैक्षिक कार्यक्रममा सरिक हुनुपर्नेः विश्वविद्यालय वा विभागमा भर्ना पाएका नियमित विद्यार्थीले सम्वन्धित शैक्षिक कार्यक्रममा तोकिए वमोजिम सरिक हुनुपर्ने छ।

३. विश्वविद्यालयलाई सहयोग गर्नुपर्ने : आफु अध्ययनरत विश्वविद्यालयको गरिमा प्रतिष्ठा र मर्यादाको अभिवृद्धिका लागि विद्यार्थीले सक्दो योगदान, सहयोग र सद्भावना राख्नुपर्ने छ।

४. पारस्परिक सम्वन्ध र सहयोग गर्नुपर्ने : एक विद्यार्थीले अर्को विद्यार्थीमा सुसम्वन्ध, सद्व्यवहार, सहयोग, सद्भावना तथा शिष्टाचार जागृत गराउनु पर्ने छ।

५. विद्यार्थी अनुशासनमा रहनु पर्ने : विश्वविद्यालयको हाता वा क्षेत्रभित्र र बाहिर विद्यार्थी अनुशासनमा रहनुपर्नेछ।

६. विद्यार्थीहरूले शिक्षक र पदाधिकारीहरूलाई आदर गर्नुपर्ने : विद्यार्थीहरूले पदाधिकारी, शिक्षक र कर्मचारीलाई आदरसूचक सम्बोधन र व्यवहार गर्नु पर्नेछ।

७. वास्तविक तथ्य प्रकाश गर्नुपर्ने : विश्वविद्यालयमा भर्ना पाउन, कुनै छात्रवृत्ति, पदक वा सहुलियत वा अन्य कुनै अधिकार वा काम पाउन विद्यार्थीले आफ्नो जन्ममिति, जन्मस्थान, ठेगाना, शैक्षिक उपाधि वा अन्य कुरा ढाट्नु वा लुकाउनु वा झुटो विवरण दिनु वा अन्य यस्तै अवाञ्छनीय र अनुचित काम कुरा गर्नु गराउनु हुँदैन।

८. विश्वविद्यालयको हाताभित्र गर्न नहुने : विद्यार्थीले विश्वविद्यालयको हाताभित्र देहायका कामकुरा गर्नु गराउनु हुँदैन :

(क) विभाग प्रमुख वा अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति विना सार्वजनिक सभा, प्रदर्शनी, खेलकुद, नाचगान, नाटक, चलचित्र प्रदर्शन, सांस्कृतिक वा मनोरञ्जन कार्यक्रमको आयोजना वा संचालन गर्न गराउनु।

(ख) कुनै घातक हात हतियार र अवाञ्छनीय वा निषेधित मालवस्तु सहित उपस्थित हुनु वा भेला गर्न गराउन।

(ग) हुलहुज्जत, दवाब, प्रभाव, जबर्जस्ती, तोडफोड, अश्लिल इसारा र कुटपिट, हरहमला, गालीगलौज, अभद्र व्यवहार र घेराउ गर्न गराउनु

(घ) शैक्षिक र प्राज्ञिक वातावरणमा अस्वस्थता वा प्रतिकूलता ल्याउनु वा ल्याउन लगाउनु।

(ङ) फोहरमैला र अन्य दूषित काम गर्न गराउनु।

(च) निषेधित क्षेत्रमा प्रवेश गर्न गराउनु।

(छ) विश्वविद्यालयको विभाग वा कुनै संगठन वा निकायको प्रमुखबाट निषेधित भनी तोकिएको अन्य काम गर्न गराउनु।

९. विभाग कक्षा र प्रयोगशाला आदिमा सम्मिलित हुन नपाउने : एक विभाग वा शिक्षण संस्थामा भर्ना लिई बिना स्वीकृति कुनै विद्यार्थी वा व्यक्तिले अर्को कुनै विभाग अध्ययन वा अभ्यास आदिका लागि सम्मिलित हुनु हुदैन।

१०. विश्वविद्यालयको सम्पत्तिमा हानी नोक्सानी पुऱ्याउनु नहुने : विद्यार्थीले विश्वविद्यालय वा त्यसको कुनै सङ्गठन वा निकायको भवन, फर्निचर, पुस्तक, पुस्तिका, सामग्री, यन्त्र, उपकरण, औजार, मालवस्तु लगायत गैरअचल एवं चल सम्पत्तिको हिनामिना, हानी नोक्सानी वा दुरुपयोग गर्नु गराउनु हुँदैन।

११. विश्वविद्यालयका पदाधिकारी तथा शिक्षक कर्मचारीलाई अनुचित दबाब दिन नहुने : कुनै पदाधिकारी, शिक्षक, कर्मचारी एवं विद्यार्थी अन्य कुनै व्यक्तिलाई मानसिक वा शारीरिक कष्ट दिने मनसायले कुनै अनुचित कामकुरा गर्नु गराउनु हुदैन।

१२. अनुमतिविनाकक्षा प्रवेश गर्न र छोड्नु हुँदैन : शिक्षकले प्राध्यापन वा मार्गदर्शन वा निर्देशन दिईरहेको कक्षा, प्रयोगशाला वा अन्य कुनै स्थानमा निजको अनुमति नलिई विद्यार्थीले प्रवेश गर्न वा त्यहाँबाट निस्कनु हुदैन।

१३. शुल्क वा अन्य अतिरिक्त रकम समयभित्रै तिर्नुपर्ने : विश्वविद्यालय, त्यसको विभाग वा अन्य कुनै निकायले लगाएको शुल्क वा अन्य रकम सम्बन्धित विद्यार्थीले तोकिएको म्यादभित्र नियमितरुपले तिर्नुपर्ने छ।

परिचयपत्र साथमा राख्नुपर्ने : विद्यार्थीले विश्वविद्यालयको विभाग वा कुनै सङ्गठन वा निकायमा प्रवेश गर्दा वा रहँदाको समयमा आफ्नो परिचयपत्र आफुसाथै राख्ने गर्नुपर्दछ। विश्वविद्यालय वा विश्वविद्यालयको कुनै सङ्गठन वा निकायले विद्यार्थीका लागि तोकिएको पोसाक अनिवार्यरुपमा लगाई विभाग वा कक्षामा प्रवेश गर्नुपर्ने छ।

पुस्तक-लागायत अन्य बक्यौता बुझाउनुपर्ने : विभाग वा विश्वविद्यालयको कुनै सङ्गठन वा निकायमा आफ्नो अध्ययन वा सत्र वा अवधि समाप्त भएपछि विद्यार्थीले आफुले पुस्तकालयबाट लिई राखेको पुस्तक वा अन्य वस्तु वा बुझाउन बाँकी रहेको रकम वा अन्य बक्यौता तोकिएको म्यादभित्र अनिवार्य रुपमा बुझाउनु पर्छ।

परीक्षाको प्रयोजनका लागि विद्यार्थीहरूको आचार संहितासम्बन्धी व्यवस्थाः

१) परीक्षार्थीले परीक्षा भवन छाड्नुअघि आफ्नो उत्तरपुस्तिका सम्बन्धित निरीक्षकलाई बुझाउनुपर्ने छ।

२) परीक्षा सञ्चालन कार्यमा खटिएका कुनै पनि व्यक्तिहरू उपर परीक्षार्थीले अभद्र व्यवहार, हूलहुज्जत, हातपात तथा कुटपिट जस्ता कार्य गर्नु हुँदैन। कुनै परीक्षार्थीले त्यस किसिमको कार्य गरेमा, गरेको कार्यको अनुपातमा केन्द्रीय परीक्षा सञ्चालन समितिले सम्बन्धित परीक्षा रद्द गर्नुका साथै निज परीक्षार्थीलाई एक वर्ष देखि चार वर्षसम्म कुनै पनि परीक्षामा सम्मिलित हुन नपाउने गरी निष्कासन गर्न सक्नेछ। त्यस निष्कासनको सूचना सञ्चार माध्यमबाट प्रसारण गरिने छ।

३) परीक्षार्थीले व्यक्तिगत वा सामूहिक रुपमा आफ्नो वा अरुको परीक्षा विथोल्ने जस्ता कार्य गर्न पाउने छैन। यस्तो कार्य गर्ने परीक्षार्थीलाई कारवाहीको निमित्त स्थानीय प्रशासनको जिम्मा लागाइने छ।

४) परिक्षार्थीले आफु सम्मिलित हुनुपर्ने परीक्षामा आफै सम्मिलित हुनु पर्नेछ र अरुलाई सम्मिलित गराउनु हुँदैन यदि अरुलाई सम्मिलित गराएको प्रमाणित हुन आएमा परीक्षार्थीलाई परीक्षा सञ्चालक समितिले बढीमा चार वर्षसम्म निष्काशन गर्ने निर्णयका साथै फौजदारी अभियोगको कारबाही चलाउन स्थानीय प्रशासनलाई जिम्मा लगाईनेछ र विश्वविद्यालयको कुनै पनि परीक्षामा चार वर्षसम्म सम्मिलित हुनबाट बन्चित गर्न सकिने छ।

१४. आचारसंहिता सम्बन्धी कारबाही र सजाय

१) कारबाही र सजाय

(क) यस नियमको, वि.वि. नियमको परिच्छेद १९ मा उल्लेखित कुनै आचार संहिता र विश्वविद्यालयको अन्य नियम र कार्यप्रणाली कुनै विद्यार्थीले उल्लन गरेमा उल्लघंन गरेको आचार-संहिताको प्रकृति किसिम र मात्रा हेरी त्यस्ता उल्लघंनकर्ता विद्यार्थीलाई अन्यथा लेखिएकोमा वाहेक कारबाही गरी देहायको कुनै एक वा सो भन्दा बढी सजाय दिन सकिने छ।

१) चेतावनी
२) लिखित नसियत
३) हानि नोक्सानी वा क्षतिपूर्तिको पुरै वा आंशिक रकम।
४) बढीमा १५ दिन सम्म कक्षा वा प्रयोगशालाबाट समेत निलम्बन।

५) कुनै निर्धारित समयका लागि विभागबाट निष्काशन।

६) विभागमा निश्चित अवधिकालागि भविष्यमा शैक्षिक कार्यक्रममा प्रवेशका लागि रोक्का।

७) विश्वविद्यालयमा कुनै निश्चित अवधिका लागि अध्ययन गर्न नपाउने गरी निष्कासन।

२) उपनियम (१) को खण्ड (७) बाहेक अन्य उल्लिखित सजाय गर्ने अधिकार सम्बन्धित विद्यार्थी दार्ता भएको वा अध्ययन रहत विभाग वा विश्वविद्यालयको कुनै संगठन वा निकायको प्रमुखलाई हुनेछ।

३) उपनियम (१) को खण्ड (७) को सजाय दिनु परेमा उपनियम (२) मा तोकिएको पदाधिकारी वा अधिकारीको सिफारिसमा कार्यकारी परिषद्ले गर्न सक्ने छ।

४) उपनियम (१) मा उल्लिखित कारवाही को प्रकृया वा तरिका उपनियम (२) र (३) मा तोकिएको पदाधिकारी वा अधिकारी आफैले तोक्न वा व्यवस्थित गर्न सक्नेछ।

५) सम्बन्धित विभागमा भर्ना हुँदा परिच्छेद १३ मान्य हुने गरी भर्ना भएको मानिने छ।

२) कार्य प्रणाली वा सूचना प्रकाशित गर्न सक्ने

यस नियमको परिच्छेद १३ क को २. मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रिन्सिपल वा विभागीय प्रमुख वा सम्बन्धित पदाधिकारी वा अधिकारीले विद्यार्थीले पालना गर्नु पर्ने थप आचारसंहिता वा पालन गर्नु पर्ने सर्तका सम्बन्धमा कार्यप्रणाली वा सूचना जारी गर्न सक्नेछ। त्यस्तो सूचनामा उल्लेखित आचारसंहिता वा सर्त उल्लघंन गर्ने विद्यार्थी माथि त्यसै नियमको परिच्छेद १३ मा उल्लेखित सजाय दिन सकिनेछ र त्यस्तो सजाय दिन पाउने अधिकारी सोही परिच्छेदमा उल्लेख भए बमोजिम हुनेछ।

१५. अन्य जानकारी

- सम्पूर्ण शैक्षिक गतिविधिहरू र विभागमा हुने विदाहरूको सम्बन्धमा ग्याजुएट स्कुल अफ इन्जिनियरिङ्गबाट प्रकाशित गरिने शैक्षिक पात्रो (Academic Calendar) बाट जानकारी लिन सकिने छ।
- विभाग आवत जावतका लागि दैनिक यातायातको व्यवस्था विद्यार्थी स्वयंले गर्नुपर्नेछ।

द्रष्टव्य :

प्रतिलिपि प्रमाणित गर्ने व्यवस्था विभागले गर्ने छैन। आधिकारिक व्यक्तिबाट प्रमाणित गराउने जिम्मेवारी आवेदक स्वयंको हुने छ।

यस पुस्तिकामा उल्लिखित व्यवस्था सम्बन्धित अख्तियारवालाले परिवर्तन लागू गर्नका लागि यस पुस्तिकामा छापिएको कुरा बन्देजको रुपमा मानिने छैन। यस पुस्तिकामा प्रकाशित भएको कुनै व्यवस्था नियमसँग बाझिन गएमा बाझिएको हदसम्म यो व्यवस्था लागू हुने छैन।

१६. ग्याजुएट स्कुल अफ इन्जिनियरिङ्गको प्रवेश परीक्षाको अंक वितरण सार

स्नातक तहमा अङ्ग्रेजी, गणित, भौतिकशास्त्र, तथा रसायन शास्त्र विषय गरी जम्मा २ घण्टामा १०० पूर्णाङ्कको प्रति प्रश्न १ अंकका दरले जम्मा १०० वटा वस्तुगत (Objective Type) प्रश्नहरू हुनेछन्।

विषय	परीक्षाको पूर्णाङ्क	परीक्षा समय	प्रश्नपत्र संख्या	प्रस्तावित अंक भार
गणित	४०	२ घण्टा	४०	१ अंकका ४० प्रश्नहरू
भौतिक शास्त्र	३०		३०	१ अंकका ३० प्रश्नहरू
अङ्ग्रेजी	१०		१०	१ अंकका १० प्रश्नहरू
रशायन शास्त्र	२०		२०	१ अंकका २० प्रश्नहरू
जम्मा	**१००**	**२ घण्टा**	**१००**	

१७. प्रवेश परीक्षा पाठ्यक्रम

17.1 Syllabus of Mathematics [40%]

The syllabus shall be based on requirements for level of understanding of Mathematics for pursuing B.E. degree and largely based on revised syllabus of NEB.It consists of seven (7) chapters, with each chapter consisting of 2-4 sub-chapters, as outlined hereunder. Each university may decide on distribution of weightage across each chapter/sub-chapter.

1. Set, Logic and Functions

1.1 Set, real number system, intervals, absolute value, logic, connectives, laws of logic

1.2 Function, types of functions – injective, surjective, bijective, algebraic, trigonometric, exponential and logarithmic; Inverse of function, composite functions

2. Algebra

2.1 Matrices and determinants, types and properties, inverse of a matrix

2.2 Complex numbers and Polynomial equations

2.3 Sequence and series, Permutation and Combination

2.4 Binomial theorem, exponential and logarithmic series

3. Trigonometry

3.1 Trigonometric equations and general values

3.2 Inverse trigonometric functions, principal value

3.3 Properties of triangles, in-centre, ortho-centre and circum-centre, solution of triangles

4. Coordinate Geometry

4.1 Straight lines, pair of lines

4.2 Circles, equations of circle in different forms, tangent and normal

4.3 Conic sections: Parabola, Ellipse and Hyperbola, standard equations and simple properties

4.4 Coordinates in space, Plane and its equation

5. Calculus

5.1 Limit and continuity of functions, indeterminate forms, L'Hospital's rule

5.2 Derivatives, rules of derivatives, geometrical & physical meanings, higher order derivatives, applications of derivative: tangent and normal, rate of change, maxima and minima

5.3 Integration, linear properties, rules of integration, standard integrals, definite integral, applications of definite integral: area under a curve and area between two curves

5.4 Differential equations, order and degree, differential equation of first order and first degree: variable separable method, homogeneous, linear and exact differential equations, integrating factor

6. Vectors and their Products

6.1 Vectors in plane and space, algebra of vectors, linear combination of vectors, linearly dependent and independent set of vectors

6.2 Product of two vectors, scalar and vector product of two vectors, scalar triple product

7. Statistics and Probability

7.1 Measures of location and measures of dispersion

7.2 Correlation and regression

7.3 Basic terms of probability, conditional and compound probability, additive and multiplicative rules, Bayes' theorem, binomial distribution

17.2 Syllabus of Physics [30%]

The syllabus shall be based on requirements for level of understanding of Physics for pursuing B.E./B.Arch. degree and largely based on revised syllabus of NEB. It consists of six (6) chapters, with each chapter consisting of 4-7 sub-chapters, as outlined hereunder. Each university may decide on distribution of weightage across each chapter/sub-chapter.

1. Mechanics

1.1 Physical Quantities, Vector and Kinematics: Dimensions, Resolution and Polygon laws of Vector, Vector Algebra, Equations of Motions, Projectile Motion, Relative Motion

1.2 Newton's Laws of Motion and Friction: Conservation of linear momentum, Applications of Newton's Laws in Equilibrium and Non-equilibrium, laws of Solid Friction and verification

1.3 Work, Energy and Power: Work-Energy theorem, Kinetic and Potential energy, Conservation of Energy, Conservative and non-conservative forces, Elastic and inelastic collisions

1.4 Circular motion, Gravitation and SHM: Centripetal force, Conical Pendulum, Banking of Track, Gravitational Potential, variation of g, Motion of satellite, Rocket launch technology, Energy in SHM, Spring -Mass system, simple Pendulum, Damped and Forced oscillation, resonance

1.5 Rotational Dynamics: Moment of Inertia, Radius of Gyration, Rotational KE, Center of gravity and center of mass, Torque, Conservation of Angular momentum

1.6 Elasticity: Hook's law, Young modulus, Bulk modulus, modulus of rigidity, Poissons' ratio, elastic energy

1.7 Fluid Mechanics: buoyancy, flotation, Archimedes' principle, surface tension, capillarity and applications, viscosity, Newton, Stoke and Poiseuille's formula, Reynold number, continuity equation, Bernoulli's equation

2. Heat and Thermodynamics

2.1 Temperature and Quantity of Heat: Thermal Equilibrium, Specific heat, latent heat Method of Mixture, Measurement of specific heat and latent heat, Newton's law of cooling, triple point

2.2 Thermal expansion: Expansion of Solid & Liquid, Measurement and Applications of expansions

2.3 Transfer of Heat: Conduction, Convection, Radiation, Thermal Conductivity, Black body radiation, Stefan- Boltzmann law

2.4 Thermal properties of Matter: Molecular Properties of matter, Kinetic Theory of gases, heat capacities of gases and solids

2.5 Laws of Thermodynamics: First law, Heat and Work, relation of specific heat of gas, thermodynamics processes, Second law, Heat engine, efficiency, Carnot Cycle, Otto Cycle, Diesel cycle, Refrigerator, Entropy.

3. Geometric and Physical Optics

3.1 Reflection: Plane and Curved Mirror, Mirror Formula

3.2 Refraction: Plane Surface, Critical Angle, Total Internal Reflection, Lateral shift, Prism, Minimum Deviation, Lenses, Lens Formula, Lens maker's formula, Combination of lenses in contact, Optical Fiber

3.3 Dispersion: Spectrum, Dispersive Power, Chromatic Aberration, Achromatism, Spherical Aberration, Scattering of light

3.4 Nature and Propagation of Light: Huygen's principle, Velocity of light

3.5 Interference: Coherent sources, Young's double slit experiment

3.6 Diffraction: Fraunhoffer diffraction, Diffraction grating, Resolving power

3.7 Polarization: Brewster's law, Transverse nature of light, Polaroid

4. Waves and Sound

4.1 Wave Motion: Travelling and Stationary wave

4.2 Mechanical Waves: velocity of sound in solid, gas and liquid, effect of temperature, pressure, humidity

4.3 Waves in Pipes and String: closed and Open pipes, Resonance, Resonance Tube, string, laws of vibration of fixed string

4.4 Acoustic Phenomena: Pressure amplitude, intensity level, quality and pitch, Ultrasonic and Infrasonic, Doppler's effect

5. Electricity & Magnetism

5.1 Electrostatics: Coulomb's law, Electric field and Gauss law, Potential and potential gradient, Capacitors, combination of capacitors, types of capacitors, effect of dielectrics, Energy stored by capacitors, polarization and displacement

5.2 DC Circuits: Ohm's law, resistivity and conductivity, work and power, Galvanometer and Ohm meter, internal resistance, Joule's law, Kirchhoff's law and applications

5.3 Thermoelectric Effect: Seebeck effect, Thermocouples, Peltier effect, Thermopile, Thomson effect

5.4 Magnetic effect: Force on a conductor and charge, Torque, Hall's effect, Biot-Savart's law, Ampere's law, Force between parallel conductors

5.5 Magnetic properties of matter: Earth magnetism, magnetic materials, permeability, susceptibility, hysteresis

5.6 Electromagnetic Induction: Faraday's law, Induced emf, AC Generators, Self and mutual induction, energy stored by inductor, transformer

5.7 Alternating Currents: RMS value, Phasor diagram of capacitance, inductance and resistance, Quality factor, Power factor

6. Modern Physics

6.1 Electrons: Millikons's experiment, Cathode rays, specific charge

6.2 Photons & Quantization of Energy: Photoelectric effect, Plank's constant, Bohr's theory, spectral series, De Broglie theory, Uncertainty principle, X-ray and Bragg's law, Laser

6.3 Solids & Semiconductor Devices: Intrinsic and extrinsic semiconductors, P-N junction, Rectification, Zener diode, Transistor, Logic gates

6.4 Radioactivity & Nuclear Reaction: Atomic mass, Isotopes, Nuclear density, Einstein's mass energy relation, mass defect, fission & fusion, law of radioactive disintegration, carbon dating, health hazard

6.5 Recent Trends in Physics

6.5.1 Particle Physics: Particle and anti-particle, Quarks, Lepton, Baryon, Mesons, Higgs Boson

6.5.2 Universe: Big Bang and Hubble's Law, Dark Matter, Gravitational Wave, Black Hole

6.5.3 Seismology: Pressure wave, Surface Wave, Internal wave

6.5.4 Telecommunication: Radio, TV and Mobile, GPS and Remote sensing

6.5.5 Environment: Energy Crisis, Environment Pollution, Ozone Layer

6.5.6 New Technology & Materials: Nano-technology, super conductor & Perfect conductor

17.3 Syllabus of Chemistry [20%]

The syllabus is based on requirements for level of understanding of Chemistry for pursuing B.E. degree and largely based on revised syllabus of NEB. It consists of three (3) chapters, with each chapter consisting of 3-8 sub-chapters, as outlined hereunder. Each university may decide on distribution of weightage across each chapter/sub-chapter.

1. Physical Chemistry

1.1 Chemical Arithmetic: Dalton's atomic theory and Laws of Stoichiometry, Atomic mass and Molecular mass, Empirical molecular formula and limiting Reactants, Avogadro are Hypothesis and its applications and Equivalent masses.

1.2 State of Matter: Gaseous state, liquid and solid states.

1.3 Atomic Structure and Periodic Classification of Elements:

1.4 Oxidation, Reduction and Equilibrium

1.5 Volumetric Analysis,

1.6 Ionic Equilibrium, Acid, Base and Salt

1.7 Electrochemistry

1.8 Energetic of Chemical Reaction, Chemical Kinetics, Chemical Bonding and Shape of Molecules

2. Inorganic Chemistry

2.1 Non-metal: Hydrogen, Oxygen, Ozone, Water, Nitrogen and its compounds, Halogen, Carbon, Phosphorous, sulphur, Noble gas and Environment pollution.

2.2 Metals: Metallurgical Principle, Alkali metal, Alkaline Earth metals, Coinage metals: Copper, Silver, Gold

2.3 Extraction of Metal: Zinc and Mercury, Iron Compound

3. Organic Chemistry

3.1 Introduction: Fundamental principles, Purification of organic compounds, Nomenclature of Organic compounds, Structure isomerism and idea of reaction mechanism

3.2 Hydrocarbons: Alkanes, Alkenes and Alkynes, Aromatic hydrocarbons

3.3 Haloalkanes and Haloarenes

3.4 Alcohols, Phenols and Ethers

3.5 Aldehydes, Ketones, Carboxylic Acid and Derivatives, Aliphatic and Aromatic

3.6 Nitro Compounds and Amines: Aromatic and Aliphatic

17.4 Syllabus of English [10%]

The English proficiency test for entrance in engineering is based on general English and it is designed to measure students' abilities to communicate in English. It consists of four (4) chapters, with each chapter consisting of 4-8 sub-chapters, as outlined hereunder. Each university may decide on distribution of weightage across each chapter/sub-chapter.

1. Vocabulary

1.1 Synonyms and antonyms

1.2 Homonyms, homophones

1.3 Word building, suffixes and prefixes

1.4 Meaning of words in context

1.5 Idioms and phrases

2. Grammar

2.1 Articles and possessives

2.2 Pronouns, prepositions, adjectives, adverbs

2.3 Tenses, modals, conditions

2.4 Subject verb agreement

2.5 Tag questions

2.6 Sentence types and transformations

2.7 Voice

2.8 Direct and indirect narration

3. Reading Comprehension

3.1 Contents/ideas

3.2 Reading between the lines

3.3 Contextual clues

3.4 Reconstruction (rewording)

4. Writing

4.1 Punctuations

4.2 Cohesive devices

4.3 Coherence

4.4 Discourse markers

5. Sounds of English

5.1 Phonemes

5.2 Phonemics symbols

5.3 Word stress

5.4 Intonation

१८. नमुना प्रश्नहरू

Mid-West University
Graduate School of Engineering
B.E. ENTRANCE EXAMINATION -2080
SAMPLE QUESTIONS

Full Marks: 100 **Time: 2 Hrs**

Select the best Alternative (30×1=30)

1) Which of the following word is ascented on its third syllable?

a) cosmology b) cosmopolitan

c) cosmetic d) cosignatory

2) The number of atoms of oxygen present in 11.2 litre of oxygen grs at NTP will have

a) 12× 6.023×10 23 b) 2×6.023×1023

c) 6.02310 2 d) 1.6 1024

3) The oxidation number of sulphur in H_2SO_5 will be

a) 8 b) 7 c) 6 d) 4.5

4) The equivalent weight of $kmno_4$ basic medium is

a) Mol wt/6 b) Mol wt/5 c) Mol wt /1

5) The dimension of permittivity of a medium is

a) $M^{-1}L^{-3}I^2$ b) $M^1L^3I^2$

c) $MLTI^{-2}$ d) $MLT^{-2}I$

6) An object of mass m is revolving in a vertical circle of radius r. The tension in the object at the top of the vertical circle will be

a) mg b) mv2r+ mg

c) mv2r d) mg- mv2r

7) When a metal sphere is heated, the percentage expansion is maximum for its

a) area b) diameter

c) volume d) length

8) The latent heat energy of a substance signifies

a) decrease in the internal energy of the substance

b) increase in the temperature of the substance

c) to produce the chemical changes in the substance

d) increase in the internal energy of the substance

9) Let A= (-3, 2) and B= (-2,3) then A-B=

a) [–3, 3] b) (–3, 3)

c) [–3, –2] d) (–2, 2)

10) If the equation $x^2+2(k+2)x+9k = 0$ has equal roots then k =

a) 1 or 4 b) -1 or -4 c) 1or -4 d) -1 or 4

11) The eccentricity of a hyperbola is

a) less than 1 b) equal to 1

c) greater than 1 d) equal to zero

12) The term' obesity means ……

a) curiosity b) observation

c) unhealthy weight growth d) healthy weight growth

13) 100 CC of centimolar H2SO4 50ml of decimolar HCl and 500CC of 0.012 molar KOH is mixed, the resultant solution will be

a) accidec b) basic

c) netural d) am phot ……..

14) A young boy requires 12000Kj energy per day. The amount of energy evoloved from 1 more of glucoss is 2808 KJ. What weight of glucose be needs for a week.

a) 769.64gms b) 2.694kg

c) 5.39kg d) 10.78kg

15) Two identical electric bulbs rated 1 KW; 220v are connected in series and the combination is connected to 200V supply line. The power dissipated in each bulb is around.

a)50W b)100W c)200W d)250W

१९.परिक्षार्थीले पालना गर्नुपर्ने नियमहरू

Please note that sharing your knowledge with other examinees is not only against the examination rules but also against your own interest.

1. As soon as the invigilators inform that the time allocated has over, examinees must stop Writing.
2. Examinees should bring their own mathematical box and pen. To borrow anything from the fellow examinees is strictly prohibited.
3. Examinees are not allowed to bring programmable calculator and cell phone in exam hall.
4. Examinees should not engage themselves in any sort of discussions with the invigilators.
5. An examinee breaking the examination regulations will be subjected to a serious punishment.
6. Should any dispute in relation to the entrance examination occur the decision of the GSE Entrance Examination Board regarding the dispute will be final.
7. Illegible or unintelligible answers will be regarded as invalid.
8. It is not allowed to use any paper and answer sheet book. Whatever a question needs space for answer the facing page may be used. The facing page may be used for rough calculations.